(कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सीमित दायित्व भएको)

**छ्याङ्दी हाइड्रोपावर लिमिटेड**
का.म.न.पा. वडा नं. २, गैह्रीधारा, काठमाण्डौं ।
फोन: ९७७-०१-४५२६४८३/४५२४९२५
ई-मेल: info@chpl.com.np
WebSite:http://www.chpl.com.np
को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

कम्पनीको हाल कायम चुक्ता पूँजी रु.३८,६९,७७,५००।- (अक्षरेपी अठ्तीस करोड उनन्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) को एक (१) शेयर बराबर नयाँ एक (१) शेयर (१:१) अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३८,६९,७७,५००।- (अक्षरेपी अठ्तीस करोड उनन्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- दरका ३८,६९,७७५ (अक्षरेपी अठ्तीस लाख उनन्सत्तरी हजार सात सय पचहत्तर मात्र) कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

### नेटवर्थ सम्बन्धी विवरण:-

| विवरण | वास्तविक | | | आ.व.०८१/८२ पुष मसान्त वित्तीय विवरण* | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ |
| प्रति शेयर नेटवर्थ* (रु.) | ८९.३३ | ७८.११ | ६४.२७ | ५९.५० | ८०.२० | ८४.८० | ९०.३१ |
| प्रति शेयर आम्दानी (रु.) | (१०.२५) | (११.२२) | (१३.८८) | (४.७६) | (१.९३) | ४.६० | ५.५२ |
| नाफा/नोक्सान (रु.०००) | (३९,६४६) | (४३,४०८) | (५३,७२८) | (१८,४३१) | (१४,९५४) | ३५,५८५ | ४२,६८४ |
| संचित नाफा/नोक्सान (रु.०००) | (६०,२७८) | (१०३,६८५) | (१५७,२७८) | (१,७५,७०९) | (१७२,२३२) | (१३६,६४८) | (९३,९६४) |

**नोट :** आ.व. २०८१/८२ पुष मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण लेखा परिक्षणबाट प्रमाणित गरिएको ।

*यस कम्पनीले निर्माण सम्पन्न गरेको ४ मेगावाट आयोजनाको पाइपलाइन क्षेत्रमा आ.व.२०७९।०८० र आ.व. २०८०।०८१ को मुख्य आम्दानी हुने वर्षायाममा वाढी पहिरोको कारण आयोजना बन्द रहदा आम्दानीमा संकुचन हुन गयो । उक्त दुई आ.व. को आम्दानीमा भएको संकुचनका कारण बढदो वित्तिय खर्च पुरा गर्न नसकिएको कारण वार्षिक सञ्चित घाटा बढ्दै गइरहेको हुनाले सो को असर नेटवर्थमा परी नेटवर्थ ९० भन्दा कम हुन भएको हो ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००।- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषण:-

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं । सो बारे यस विवरणको दफा (स) पृष्ठ नं. ३१ मा उल्लेख गरिएको छ ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :-

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" को दफा (थ) पृष्ठ नं. २४ मा उल्लेखित जोखिमहरू समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### निष्काशनकर्ता कम्पनीको क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :-

यस विवरण अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. डिल्लीबजार, काठमाडौंबाट इस्युअर रेटिङ्ग गराई **"[ICRANP-IR]B-"** प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको **(High risk of default regarding timely servicing of financial obligations)** भन्ने जनाउँदछ । सो ग्रेडिङ्गको वैधता अवधि एक वर्ष रहनेछ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"[ICRANP-IR]AAA, AA, A, BBB]"** ले क्रमश:**Highest, High, Adequate & Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligation** जनाउँछ भने **"[ICRANP-IR] BB, B** र **C"** ले **Moderate, High & Very High Risk of Default Regarding Timely Servicing of Financial Obligation** भन्ने जनाउँदछ र **"[ICRANP-IR] D"** ले **in Default or are Expected be Default Soon** भन्ने जनाउँदछ ।

इस्यूअर रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०९/२६ बहाल रहने अवधि मिति : २०८२/०९/२५

विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशन गर्न सहमति प्रदान गरिएको मिति: २०८०।०२।१९

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/०१/१२ गते । कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण दर्ता भएको मिति : २०८२/०१/२६ गते ।

निष्काशन खुल्ला हुने मिति : २०८२/०२/२३ गते । निष्काशन बन्द हुने मिति : २०८२/०३/१२ गते (बैंकिङ्ग समय पश्चात्) ।

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
नक्साल, काठमाण्डौं ।
फोन नं. ०१-५९७०१३८ फ्याक्स नं.०१-४५४५७०२
Email:info@gicl.com.np
web: www.globalimecapital.com.np

(कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सीमित दायित्व भएको)

**(क) संगठित संस्थाको नाम : छ्याङ्दी हाइड्रोपावर लिमिटेड (Chhyangdi Hydropower Limited (CHL) ।**

**(ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. २, गैह्रीधारा, काठमाण्डौ, नेपालमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

**(ग)** **कारोबार स्थानः** यस कम्पनीले कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. २, गैह्रीधारा, काठमाण्डौं तथा आयोजना स्थल लमजुङ्ग जिल्ला दोर्दि गा.पा. वडा नं. ७ र ८ मा रहेको छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**यस कम्पनीको संक्षिप्त इतिहास :**

- यस कम्पनी प्रचलित कानून बमोजिम २०६४ साल भाद्र १६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा. लि. कम्पनीको रुपमा दर्ता भई मिति २०७१ आषाढ ३० गतेदेखि पब्लिक कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम कारोबार गर्दै आइरहेको छ ।
- यस कम्पनीले छन्दी खोला साना जलविद्युत आयोजनाबाट मिति २०७२/१२/१३ गतेदेखि २ मेगावाट विद्युत उत्पादन गरी बिक्री गरिरहेको छ ।
- यस कम्पनीले माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजनाबाट मिति २०७८/०८/२४ गतेदेखि ४ मेगावाट विद्युत उत्पादन गरी बिक्री गरिरहेको छ ।
- व्यापारिक उत्पादन भएको मितिबाट २ र ४ मेगावाट आयोजनाबाट निम्न आ.व. हरुमा यस कम्पनी द्वारा उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइनमा प्रवाह भइरहेको छ ।

| सि.न. | आ.व. | महिना | २ मे.वा.बाट उत्पादन युनिट | ४ मे.वा बाट उत्पादन युनिट | कैफियत |
|---|---|---|---|---|---|
| 1 | ७२/७३ | चैत्र | १२९,४८०.०० | | २ मे.वा. २०७२ चैत्र १३ बाट उत्पादन सुरु भएको |
| 2 | | वैशाख | १८९,५००.०० | | |
| 3 | | जेष्ठ | ६१२,५६०.०० | | |
| 4 | | असार | १,२९१,०१०.०० | | |
| आ.व ण्ठद्द.ण्ठघ जम्मा | | | २,२२२,५५०.०० | - | |
| 1 | ७३/७४ | श्रावण | १,००२,४८०.०० | | |
| 2 | | भाद्र | १,१७०,२७०.०० | | |
| 3 | | असोज | १,३२२,८९०.०० | | |
| 4 | | कार्तिक | १,१७०,९१०.०० | | |
| 5 | | मार्ग | ८३१,६७०.०० | | |
| 6 | | पौष | ५८५,४००.०० | | |
| 7 | | मघ | ४४१,७४०.०० | | |
| 8 | | फागुन | ३६३,३२०.०० | | |
| 9 | | चैत्र | ३७५,३००.०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 10 | | वैशाख | ३४१,०००.०० | | |
| 11 | | जेष्ठ | ५१५,२९०.०० | | |
| 12 | | असार | ९७१,८३०.०० | | |
| आ.व.ण्ठघ.ण्ठद्ध जम्मा | | | ९,०९२,१००.०० | – | |
| 1 | ७४ / ७५ | श्रावण | १,४३५,४५०.०० | | |
| 2 | | भाद्र | १,४५८,७८०.०० | | |
| 3 | | असोज | १,३४२,७३०.०० | | |
| 4 | | कार्तिक | १,०६४,९७०.०० | | |
| 5 | | मार्ग | ६९३,५४०.०० | | |
| 6 | | पौष | ५२२,१७०.०० | | |
| 7 | | मघ | ३९४,१७०.०० | | |
| 8 | | फागुन | ३६६,३२०.०० | | |
| 9 | | चैत्र | ३७१,०२०.०० | | |
| 10 | | वैशाख | ३६९,८५०.०० | | |
| 11 | | जेष्ठ | ६२७,१८०.०० | | |
| 12 | | असार | १,३३१,०८०.०० | | |
| आ.व.०७४।०७५ जम्मा | | | ९,९७७,२६०.०० | – | |
| 1 | ७५ / ७६ | श्रावण | १,३७९,०२०.०० | | |
| 2 | | भाद्र | १,३८६,०३०.०० | | |
| 3 | | असोज | १,३७४,२७०.०० | | |
| 4 | | कार्तिक | ९७२,७९०.०० | | |
| 5 | | मार्ग | ६३०,८१०.०० | | |
| 6 | | पौष | ४६१,१२०.०० | | |
| 7 | | मघ | ३८१,२२०.०० | | |
| 8 | | फागुन | ४३३,४९०.०० | | |
| 9 | | चैत्र | ३३६,०००.०० | | |
| 10 | | वैशाख | ४००,०८०.०० | | |
| 11 | | जेष्ठ | ५१९,९५०.०० | | |
| 12 | | असार | १,१६७,१००.०० | | |
| आ.व.०७५।०७६ जम्मा | | | ९,४४१,८८०.०० | – | |
| 1 | ७६ / ७७ | श्रावण | १,४४०,४५०.०० | | |
| 2 | | भाद्र | १,४३४,६१०.०० | | |
| 3 | | असोज | १,४७९,२३०.०० | | |
| 4 | | कार्तिक | १,२२९,७९०.०० | | |
| 5 | | मार्ग | ७३२,०९०.०० | | |
| 6 | | पौष | ४९०,४००.०० | | |
| 7 | | मघ | ४३७,४९०.०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | | फागुन | ४१८,४१०.०० | | |
| 9 | | चैत्र | ४६१,४२०.०० | | |
| 10 | | बैशाख | ५५४,१८०.०० | | |
| 11 | | जेष्ठ | ६३२,०६०.०० | | |
| 12 | | असार | १,२९२,४१०.०० | | |
| आ.व.०७६।०७७ जम्मा | | | **१०,६०२,५४०.००** | - | |
| 1 | ७७/७८ | श्रावण | ४३७,८४०.०० | | |
| 2 | | भाद्र | १,४२०,४२०.०० | | |
| 3 | | असोज | १,३९३,२१०.०० | | |
| 4 | | कार्तिक | १,१३०,०७०.०० | | |
| 5 | | मार्ग | ६८८,८००.०० | | |
| 6 | | पौष | ४७३,३५०.०० | | |
| 7 | | मघ | ३५३,०३०.०० | | |
| 8 | | फागुन | ३१७,४२०.०० | | |
| 9 | | चैत्र | २५६,४९०.०० | | |
| 10 | | बैशाख | ३३९,८१०.०० | | |
| 11 | | जेष्ठ | ७१६,९५०.०० | | |
| 12 | | असार | ९०५,३००.०० | | |
| आ.व.०७७।०७८ जम्मा | | | **८,४३२,६९०.००** | - | |
| 1 | ७८/७९ | श्रावण | १,११०,५३०.०० | | |
| 2 | | भाद्र | १,१००,३५०.०० | | |
| 3 | | असोज | १,२७५,८३०.०० | | |
| 4 | | कार्तिक | १,२१२,२००.०० | | |
| 5 | | मार्ग | ६११,७८७.०० | १७४१५० | ४ मे.वा. २०७८ मार्ग बाट उत्पादन सुरु भएको |
| 6 | | पौष | ५२३,२५०.०० | ६८०३७० | |
| 7 | | मघ | ४७९,१४०.०० | ५६७४१० | |
| 8 | | फागुन | ४८५,७२०.०० | ६७८६७० | |
| 9 | | चैत्र | ३५५,५९०.०० | ४६६३२० | |
| 10 | | बैशाख | - | ५८३४५० | २ मे.वा.मा ट्रान्सफरमर बिग्रीएकोले आयोजना बन्द |
| 11 | | जेष्ठ | - | ९९८७५० | २ मे.वा. मा ट्रान्सफरमर बिग्रीएकोले आयोजना बन्द |
| 12 | | असार | १९०,३६०.०० | ५६६००० | ४ मे. गा. आयोजनामा २०७९ असार १८ मा पहिरो गएको |
| आ.व.०७८।०७९ जम्मा | | | **७,३४४,७५७.००** | **४,७१५,१२०.००** | |
| 1 | ७९/८० | श्रावण | १,२५५,१७०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 2 | | भाद्र | १,१९०,३४०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | | असोज | १,३९५,३५०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 4 | | कार्तिक | १,१६४,७८०.०० | २६८४२० | |
| 5 | | मार्ग | ८३३,३७०.०० | १३००१२० | |
| 6 | | पौष | ५९२,४५०.०० | ८६८३३० | |
| 7 | | मघ | ४२०,१३०.०० | ५७५६८० | |
| 8 | | फागुन | ३५२,१९०.०० | ४३४४३० | |
| 9 | | चैत्र | ३५४,७२०.०० | ५४९६४० | |
| 10 | | वैशाख | ३१७,७६०.०० | ५०२०६० | |
| 11 | | जेष्ठ | ४८९,६२०.०० | ७९५२५० | |
| 12 | | असार | १,०३७,७४०.०० | ८१२१०० | |
| आ.व.ण्ठढ.ण*ण जम्मा | | | **९,४०३,६२०.००** | **६,१०६,०३०.००** | |
| 1 | | श्रावण | १,४१४,९२०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 2 | | भाद्र | १,४७८,४४०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 3 | | असोज | १,४२४,४९०.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 4 | | कार्तिक | १,०४९,२००.०० | ० | आयोजना बन्द रहेको पहिरोले |
| 5 | | मार्ग | ७४५,२६०.०० | ५१०३१० | |
| 6 | | पौष | ५०७,७३०.०० | ७९३४२० | |
| 7 | ८०/८१ | मघ | ४०२,०७०.०० | ५०९४७० | |
| 8 | | फागुन | ३२७,७६०.०० | ४२९९२० | |
| 9 | | चैत्र | ३५७,६३०.०० | ६१४१७० | |
| 10 | | वैशाख | ३०४,३१०.०० | ३९१८०० | |
| 11 | | जेष्ठ | ४७२,७४०.०० | ९३८२७० | |
| 12 | | असार | १,०३०,०३०.०० | १९२९९७० | |
| आ.व.ण*ण.ण*ज्ञ जम्मा | | | **९,५१४,५८०.००** | **६,११७,३३०.००** | |
| 1 | | श्रावण | १,२३४,७३०.०० | २३०७३६० | |
| 2 | | भाद्र | १,२२१,८७०.०० | १९८२१६० | |
| 3 | | असोज | ५६,५९०.०० | २०२४३३० | |
| 4 | | कार्तिक | १,१०२,४४०.०० | १५२१६४० | |
| 5 | | मार्ग | ७५६,३४०.०० | १२४०१७० | |
| 6 | | पौष | ५३०,८६०.०० | ७७३४३० | |
| 7 | ८१/८२ | मघ | ४०२,६३०.०० | ५३०८६० | |
| 8 | | फागुन | ३४४,८००.०० | ४६६८३० | |
| 9 | | चैत्र | | | |
| 10 | | वैशाख | | | |
| 11 | | जेष्ठ | | | |
| 12 | | असार | | | |
| आ.व.०८१।०८२ जम्मा | | | ५,६५०,२६०.०० | १०,८४६,७८०.०० | |

| | | | |
|---|---|---|---|
| | | | |
| जम्मा उत्पादन २ मे.वा. र ४ मे.वा. | **८१,६८२,२३७.००** | **२७,७८५,२६०.००** | |

**नोट : हालसम्म २ मेगावाट आयोजनाबाट ८,१६,८२,२३७ युनिट उत्पादन भएको छ भने ४ मेगावाट आयोजनाबाट २,७७,८५,२६० युनिट विद्युत उत्पादन भएको छ ।**

- **यस कम्पनीद्धारा संचालित दुबै आयोजनामा कुल ३६ जना कर्मचारी हाल कार्यरत छन जस मध्ये कुल कर्मचारीको ५० प्रतिशत भन्दा बढी संख्या स्थानियहरुलाई तालिम गराई यसै कम्पनीमा रोजगारी प्रदान गरीरहेको छ ।**

**यस कम्पनीको मुख्य उद्देश्यहरु :**

यस कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रसारण तथा वातावरणको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने, गराउने ।

(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको सञ्चालन गरी विद्युत उत्पादन गर्ने ।

(ग) उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने ।

(घ) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रसारण तथा वितरण लाईन निर्माण गर्ने, सञ्चालन गर्ने ।

(ङ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।

(च) नेपालभर विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।

(छ) नेपालमा विद्युत उत्पादन गर्नको लागि सम्बन्धित क्षेत्रमा लगानी गर्ने ।

(ज) विदेशी उपकरण तथा प्राविधिक जनशक्ति समेतको व्यवस्था गर्ने ।

(झ) नेपाल विद्युत प्राधिकरण तथा अन्य नीजि क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा भाडामा लिई वा खरिद गरी विद्युत सेवा सञ्चालन गर्ने र सामुदायिक रुपमा विद्युत वितरणको कार्य गर्ने ।

(ञ) नेपालका नदी, नाला, छहराहरुको अध्ययन तथा अनुसन्धान गर्न विस्तृत सर्वेक्षण गर्ने ।

(ट) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरुसँग सम्पर्क गरी कार्य गर्ने ।

**कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद - बिक्री सम्झौताको मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन :**

(अ) छन्दी खोला साना जलविद्युत आयोजनाबाट (२ मे.वा.) वार्षिक १,०६,८५,४२८ किलोवाट घण्टा विद्युत त्पादन तथा विक्री गरिने वार्षिक उर्जा तालिकामा तोकिएको छ । यसमा वर्षायाममा आठ महिनाको लागि ८८,२३,५९४ किलोवाट घण्टा र सुख्खायाममा ४ महिनाका लागि १८,६१,८३५ किलोवाट घण्टा निर्धारण गरिएको छ र माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजनाबाट (४ मे.वा.) वार्षिक २,११,९१,२३५ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने वार्षिक उर्जा तालिकामा तोकिएको छ । यसमा वर्षायाममा छ महिनाको लागि १,४७,७०,६५४ किलोवाट घण्टा र सुख्खायाममा ६ महिनाका लागि ६४,२०,५८१ किलोवाट घण्टा निर्धारण गरिएको छ । साथै यस कम्पनीले लगानी गरिसकेको भिजन इनर्जी एण्ड पावर लि. द्धारा प्रर्वद्धित नुप्चे लिखु जलविद्युत आयोजनाबाट वार्षिक ३८,१७,३५,२५८ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने वार्षिक उर्जा तालिकामा तोकिएको छ । यसमा वर्षायाममा ६ महिनाको लागि २४,१९,७८,६५५ किलोवाट घण्टा र सुख्खायाममा ६ महिनाका लागि १३,९७,५६,६०३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(आ) छन्दी खोला साना जलविद्युत आयोजनाबाट (२ मे.वा.) विद्युत बिक्री मुल्य वर्षायामका आठ महिनाका लागि रु. ४।८० (चार रुपयाँ असी पैसा मात्र) प्रति युनिट तोकिएको छ र सुख्खायाम (पौष, माघ, फागुन र चैत्र) का लागि रु. ८।४० (आठ रुपयाँ चालीस पैसा मात्र) प्रति युनिट तोकिएको थियो । जसमा पाँच पटकको ३ प्रतिशतका दरले मुल्य बृद्धि तोकिएको थियो जस अनुसार हाल वर्षायामको लागी प्रति युनिट ५।५२ (पाँच रुपयाँ बाउन्न पैसा मात्र) र सुख्यायामको लागि ९.६६ (नौ रुपयाँ छयसठ्ठी पैसा मात्र) रहेको छ । यसैगरि माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना (४ मे.वा.) विद्युत बिक्री मुल्य वर्षायामका छ महिनाका लागि रु. ४।८० (चार रुपयाँ असि पैसा मात्र) प्रति युनिट र सुख्खायाम (मंसीर १६ देखि, पौष, माघ, फागुन चैत्र, बैशाख र जेठ १५ सम्म) का लागि रु. ८।४० (आठ रुपयाँ चालिस पैसा मात्र) प्रति युनिट तोकिएको छ । यो बिक्री दरमा आठ पटकको मुल्य बृद्धि तोकिएको छ जस अनुसार हाल सम्म नियमित बृद्धि हुदै जादा वर्षायाममा रु. ५.२३ (पाँच रुपयाँ तेइस पैसा मात्र) र सुख्यायामको लागि रु. ९.१६ (नौ रुपयाँ सोह्र पैसा मात्र) रहेको छ । आ.व. २०८६।०८७ सम्ममा हिउदयाममा ६ महिना रु. १०।४२ र वर्षायाममा ६ महिना ५।९५ प्रति युनिट कायम भई बाँकि वर्षहरु यहि विकि दर कायम रहने छ । साथै नुप्चे लिखु जलविद्युत आयोजना (५७.५ मे.वा.) विद्युत विकि मुल्य वर्षायामका छ महिनाका लागि रु.

४।८० (चार रुपयाँ असि पैसा मात्र) प्रति युनिट र सुख्खायामका (मंसीर १६ देखि, पौष, माघ, फागुन चैत्र, बैशाख र जेठ १५ सम्म) का लागि रु ८।४० (आठ रुपयाँ चालिस पैसा मात्र) प्रति युनिट तोकिएको छ। यो बिक्री दर व्यापारिक उत्पादन शुरु भएको मितिबाट ८ पटक ३ प्रतिशतका दरले वार्षिक बृद्धि हुने छ।

**(इ) छन्दी खोला साना जलविद्युत आयोजना २ मे.वा. तथा माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना ४ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि को तालिका निम्नानुसार रहेको छः**

**छन्दी खोला साना जलविद्युत आयोजना २ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि**

१. विद्युत खरीद मुल्यदर

प्राधिकरणले निम्न तालिका अनुसार विद्युत उर्जा खरीद कायम गरेको छ।

| ऋवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति<br>(COD कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौताको अवधि सम्म | ९.६६ | ५.५२ |

तर व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति (RCOD) को तुलनामा व्यापारिक उत्पादन सुरु हुने मिति (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यबृद्धि दिईनेछ :

(क) (RCOD) को तुलनामा (COD) ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिइनेछ।

(ख) (RCOD) को तुलनामा (COD) १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिइनेछ।

(ग) (RCOD) को तुलनामा (COD) ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यबृद्धि दिइनेछ।

(घ) (RCOD) को तुलनामा (COD) ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्यबृद्धि दिइनेछ।

(ङ) (RCOD) को तुलनामा (COD) ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा मूल्यबृद्धि दिइनेछैन।

२. प्राधिकरणले Dispatch Instruction जारी गर्न अतिरिक्त उर्जा खरीद गरेमा सो को हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०%( पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्रमधिकरणले भुक्तानी गर्नेछ।

३. मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यपारिक वर्गको ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलितत Norml Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ ,वा सो रकम मासिक बिलिङ्गमा समायोजन गरिनेछ।

**माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना ४ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि**

१. विद्युत खरीद मुल्यदर

प्राधिकरणले निम्न तालिका अनुसार विद्युत उर्जा खरीद कायम गरेको छ।

| ऋवधि<br>(व्यापारिक उत्पादन शुरु हुने मिति<br>(COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (रु. प्रति युनिट) | वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०.१६ | ५.८१ |

| | | |
|---|---|---|
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०.४२ | ५.९५ |

माथि जे सुकै लेखिएको भएता पनि  व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति (RCOD) को तुलनामा व्यापारिक उत्पादन सुरु हुने मिति (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्यबृद्धि दिई कायम गरिनेछ :

(क) (RCOD) को तुलनामा (COD) ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ख) (RCOD) को तुलनामा (COD) १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ग) (RCOD) को तुलनामा (COD) ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(घ) (RCOD) को तुलनामा (COD) ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ङ) (RCOD) को तुलनामा (COD) ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

२. प्राधिकरणले Dispatch Instruction जारी गर्न अतिरिक्त उर्जा खरीद गरेमा सो को हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०%( पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्रमधिकरणले भुक्तानी गर्नेछ ।

३. मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यपारिक वर्गको ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलितत Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई  भुक्तानी गर्नेछ ,वा सो रकम मासिक बिलिङ्गमा समायोजन गरिनेछ ।

**नुप्चे लिखु जलविद्युत आयोजना ५७.५ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि**

१. विद्युत खरीद मुल्यदर

प्राधिकरणले निम्न तालिका अनुसार विद्युत उर्जा खरीद कायम गरेको छ ।

| ऋवधि<br>(व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (रु. प्रति युनिट) | वर्षा याम (जेष्ठ १६ देखि मंसिर १५) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०.१६ | ५.८१ |
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०.४२ | ५.९५ |

माथि जे सुकै लेखिएको भएता पनि  व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति (RCOD) को तुलनामा व्यापारिक उत्पादन सुरु हुने मिति (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्यबृद्धि दिई कायम गरिनेछ :

(क) (RCOD) को तुलनामा (COD) ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ख) (RCOD) को तुलनामा (COD) १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ग) (RCOD) को तुलनामा (COD) ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(घ) (RCOD) को तुलनामा (COD) ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

(ङ) (RCOD) को तुलनामा (COD) ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यबृद्धि दिइनेछ ।

२. प्राधिकरणले Dispatch Instruction जारी गर्न अतिरिक्त उर्जा खरीद गरेमा सो को हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०%( पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्रमधिकरणले भुक्तानी गर्नेछ ।

३. मासिक बिलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यपारिक वर्गको ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलितत Norml Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ ,वा सो रकम मासिक बिलिङ्गमा समायोजन गरिनेछ ।

**(ई)** कम्पनीले छन्दी खोला साना जलविद्युत आयोजना २ मे.वा. र माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना ४ मे.वा.को क्षति न्युनिकरणका लागी सम्पत्ती बीमा Property, सञ्चालनमा रहदा हुने नोक्सान (LoP) का साथै उपकरण नोक्सानका लागी Machinary Breakdown बीमा पोलिसी अनुसार बीमाहरु गरेको छ ।

**<u>कम्पनीको वित्तीय परिसूचक :</u>**

कम्पनीको नेट प्रिजेन्ट भ्यालु {Net Present Value (NPV)}, इन्टर्नल रेट अफ रिर्टन {Internal Rate of Return (IRR)}, र बेनिफिट कस्ट रेसिया (Benifit Cost Ratio) को गणनाको संक्षिप्त विवरण तथा आधार देहाय अनुसार रहेको छ :

**<u>नेट प्रजेण्ट भ्यालु र इन्टर्नल रेट अफ रिर्टन</u>**

*१०.००%* *रु. हजारमा*

| बर्ष | आम्दानी | सन्चालन एबं मर्मत | रोयाल्टि | बिमा र बोनश | ह्रास कट्टी एवं परिशोधन | कर अधिको खुद नाफा | कर | कर पछिको नाफा | खुद नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | च | छ | ज | झ | ट |
| ० | | | | | | | | | -१,१८०,००६ |
| १ | १४८,९२२ | २६,८९० | ३,५७८ | ३,९५५ | ४६,६३० | ६७,८६९ | ० | ६७,८६९ | ११४,४९८ |
| २ | १८०,६५२ | २७,५६२ | ४,२१३ | ४,९२३ | ४६,४५५ | ९७,४९९ | १,२२७ | ९६,२७२ | १४२,७२७ |
| ३ | १८३,८६९ | २८,२५१ | ४,२७७ | ४,९८६ | ४६,३२२ | १००,०३३ | १,४७२ | ९८,५६१ | १४४,८८२ |
| ४ | १९८,९९१ | २८,९५८ | ४,३४० | ५,४१७ | ४६,२१३ | ११४,०६४ | २,११४ | १११,९५० | १५८,१६३ |
| ५ | २०२,१४४ | २९,६८१ | ४,४०३ | ५,५०३ | ४६,१३५ | ११६,४२२ | २,३८३ | ११४,०३९ | १६०,१७४ |
| ६ | २०५,४०९ | ३०,४२४ | ४,४६८ | ५,६२१ | ४६,०७५ | ११८,८२० | २,६८७ | ११६,१३३ | १६२,२०९ |
| ७ | २०६,९२७ | ३१,१८४ | ५,८३६ | ५,६१७ | ४६,०३० | ११८,२६० | ५,५७१ | ११२,६८९ | १५८,७१९ |
| ८ | २०६,९२७ | ३१,९६४ | ११,३६७ | ५,३९७ | ४५,९९५ | ११२,२०४ | ११,१०१ | १०१,१०३ | १४७,०९८ |
| ९ | २०६,९२७ | ३२,७६३ | ११,३६७ | ५,३५४ | ४५,९६८ | १११,४७५ | ११,६०९ | ९९,८६६ | १४५,८३४ |
| १० | २०६,९२७ | ३३,५८२ | ११,३६७ | ५,३२४ | ४५,९४८ | ११०,७०६ | १२,१७४ | ९८,५३२ | १४४,४७९ |
| ११ | २०६,९२७ | ३४,४२१ | ११,३६७ | ५,३०९ | ४५,९३२ | १०९,८९७ | १२,८०४ | ९७,०९३ | १४३,०२५ |
| १२ | २०६,९२७ | ३५,२८२ | ११,३६७ | ५,३११ | ४५,९२० | १०९,०४७ | १३,५०४ | ९५,५४३ | १४१,४६३ |
| १३ | २०६,९२७ | ३६,१६४ | १९,३९८ | ५,०१२ | ४५,९११ | १००,४४२ | १९,४८८ | ८०,९५४ | १२६,८६५ |
| १४ | २०६,९२७ | ३७,०६८ | २५,४९३ | ४,६४८ | ४५,९०३ | ९३,८१४ | १८,१६२ | ७५,६५२ | १२१,५५६ |
| १५ | २०६,९२७ | ३७,९९५ | २५,४९३ | ४,४६५ | ४५,८९८ | ९३,०७६ | १८,०१५ | ७५,०६२ | १२०,९६० |
| १६ | २०६,९२७ | ३८,९४५ | २५,४९३ | ४,२८१ | ४५,८९४ | ९२,३१५ | १७,८६२ | ७४,४५३ | १२०,३४६ |
| १७ | २०६,९२७ | ३९,९१८ | २५,४९३ | ४,०९६ | ४५,८९० | ९१,५२९ | १७,७०५ | ७३,८२४ | ११९,७१४ |
| १८ | २०६,९२७ | ४०,९१६ | २५,४९३ | ३,९११ | ४५,८८८ | ९०,७१९ | १७,५४३ | ७३,१७६ | ११९,०६४ |
| १९ | २०६,९२७ | ४१,९३९ | २५,४९३ | ३,७२४ | ४५,८८६ | ८९,८८५ | १७,३७६ | ७२,५०८ | ११८,३९४ |
| २० | २०६,९२७ | ४२,९८८ | २५,४९३ | ३,५३७ | ४५,८८४ | ८९,०२५ | १७,२०४ | ७१,८२० | ११७,७०५ |
| २१ | २०६,९२७ | ४४,०६२ | २५,४९३ | ३,३५० | ४५,८८३ | ८८,१३९ | १७,०२७ | ७१,११२ | ११६,९९५ |
| २२ | १९४,५९३ | ३१,९२८ | २४,२५९ | ३,३६० | ४१,७९० | ९३,२५५ | १८,०५० | ७५,२०५ | ११६,९९४ |
| २३ | १४३,५७० | २३,००६ | १७,१५७ | २,५५८ | ३०,६५७ | ७०,१९१ | १३,५२७ | ५६,६६४ | ८७,३२१ |
| २४ | १४३,५७० | २३,५८२ | १७,१५७ | २,४३७ | ३०,६५७ | ६९,७३८ | १३,४३४ | ५६,३०४ | ८६,९६० |
| २५ | १४३,५७० | २४,१७१ | १७,१५७ | २,३१५ | ३०,६५६ | ६९,२७१ | १३,३३८ | ५५,९३२ | ८६,५८८ |
| २६ | १४३,५७० | २४,७७५ | १७,१५७ | २,१९२ | ३०,६५७ | ६८,७८८ | १३,२४० | ५५,५४८ | ८६,२०५ |
| २७ | १४३,५७० | २५,३९५ | १७,१५७ | २,०७० | ३०,६५५ | ६८,२९३ | १३,१३९ | ५५,१५५ | ८५,८१० |
| २८ | ३२,४४६ | ३,९४६ | ६,०४५ | १९१ | १४,८१९ | ७,४४५ | १,२४५ | ६,२०० | २१,०१९ |

| | |
|---|---|
| **नेट प्रजेण्ट भ्यालु** | ९०,६१२ |
| **इन्टर्नल रेट अफ रिर्टन** | ११.०२% |
| **बेनिफिट कस्ट रेसियो** | १.०८ |

छ्याङ्दी हाइड्रोपावर लि र भिजन इनर्जी एण्ड पावर लि.को संक्षिप्त विवरण :
आयोजनाको प्रवर्द्धक कम्पनी : छ्याङ्दी हाइड्रोपावर लि.
आयोजनाको नाम : छन्दी खोला साना जलविद्युत आयोजना
आयोजना स्थल : लमजुङ जिल्ला दोर्दी गा.पा.
आयोजनाको क्षमता : २ मेगावाट
आयोजनाको कुल लागत : रु.४४,२८,२८,२२८।-
आयोजनाको लागत प्रति मेगावाट : रु. २२,१४,१४,११४।- (सञ्चालनमा रहेको)

आयोजनाको प्रवर्द्धक कम्पनी : छ्याङ्दी हाइड्रोपावर लि.
आयोजनाको नाम : माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना
आयोजना स्थलः लमजुङ जिल्ला दोर्दी गा.पा.
आयोजनाको क्षमता : ४ मेगावाट
आयोजनाको कुल लागत : रु.८६,७३,८७,४०४।-
आयोजनाको लागत प्रति मेगावाट : रु. २१,६८,४६,८५१।- (सञ्चालनमा रहेको)

आयोजनाको प्रवर्द्धक कम्पनी : भिजन इनर्जी एण्ड पावर लि
आयोजनाको नाम : नुप्चे लिखु जलविद्युत आयोजना
आयोजना स्थल : रामेछाप जिल्ला उमाकुन्ड गा.पा.
आयोजनाको क्षमता : ५७.५ मेगावाट
आयोजनाको कुल लागत : रु. १०९८.३६४० करोड
आयोजनाको लागत प्रति मेगावाट : रु. १९.१० करोड (निर्माणाधिन)

**हकप्रद शेयर निष्काशनबाट प्राप्त भएको पूँजीको उपयोग र उपलब्धि सम्बन्धी विवरण :**
यस कम्पनीले माथिल्लो छन्दी खोला ४ मेगावाट आयोजना निर्माणका लागी चाहिने रु.१८.५ करोड स्वपूँजी (Equity) का लागी तत्कालीन अवस्थामा कम्पनीको रिर्जवमा रहेको रकम रु.९.५ करोड र बाँकी ९ करोड रकम बैंकबाट Equity Bridge Gap Loan प्राप्त गर्ने गरि आयोजनाको निर्माण गरिएको थियो । बैंकबाट प्राप्त ९ करोड रकम हकप्रद जारी गरी बैंकलाई तिर्ने शर्तमा बैंकसंग सम्झौता भएको थियो । जस अनुसार कम्पनीले मिति २०७८/१०/११ मा प्रथम पटक चुक्ता पूँजीको ३०% हकप्रद जारी गरी संकलित रकम बैंकमा Equity Bridge Gap Loan तिर्न प्रयोग भएको थियो ।

**आगामी निष्काशनबाट प्राप्त हुने पूँजीको उपयोग सम्बन्धी विवरण :**
यस कम्पनीले हाल जारी गर्न लागिएको १००% अथवा १:१ अनुपातबाट संकलन हुने रकम भिजन इनर्जी एण्ड पावर लि. ले निर्माण गरीरहेको नुप्चे लिखु ५७.५ मे.वा. आयोजना निर्माणका लागी स्वपूँजीमा लगानी गर्ने साथै माथिल्लो छन्दीखोला साना जलविद्युत आयोजना ४ मे.वा. निर्माणका वखत अनुमान गरीएको ऋण रकम वरावर मात्र दीर्घकालीन ऋण रहने गरी बाँकी अन्य कारणहरुबाट बृद्धी हुन गएको (जस्तै विश्वभर फैलिएको महामारी कोरोना र वाढी पहिरोको कारण लागतमा भएको बृद्धी) वरावरको रकम बैंकलाई तिर्न पर्ने भएका कारण उक्त रकम तिर्न प्रयोग गरिने छ ।

**(ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी:** यस कम्पनीको अधिकृत पूँजी रू.१,००,००,००,०००।– (अक्षरेपी एक अर्ब मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००।– का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी:** यस कम्पनीको जारी पूँजी रू.७७,३९,५५,०००।– (अक्षरेपी सतहत्तर करोड उनन्चालीस लाख पचपन्न हजार मात्र) रहेको छ । जसलाई प्रति कित्ता अंकित मूल्य रू.१००।– का दरले जम्मा

७७,३९,५५० (सतहत्तर लाख उनन्चालीस हजार पाँच सय पचास मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी:** हाल यस कम्पनीको चुक्ता पूँजी रू.३८,६९,७७,५००।– (अक्षरेपी अठ्तीस करोड उनन्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) रहेको छ । जसलाई प्रति शेयर अंकित मूल्य रू.१००।– का दरले जम्मा ३८,६९,७७५ (अठ्तीस लाख उनन्सत्तरी हजार सात सय पचहत्तर मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू.७७,३९,५५,०००।– (अक्षरेपी सतहत्तर करोड उनन्चालीस लाख पचपन्न हजार मात्र) हुनेछ ।

**संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :**

| सि.नं | आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७९/८० | १,००,००,००,०००।- | ७७,३९,५५,०००।- | ७७,३९,५५,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०९ गतेको पत्रानुसार । |
| २. | ०७८/७९ | ७५,००,००,०००।- | ५४,१७,६८,५००।- | ५४,१७,६८,५००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/०३ गतेको पत्रानुसार । |
| ३. | ०७७/७८ | ५०,००,००,०००।- | २९,७६,७५,०००।- | २९,७६,७५,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०५ गतेको पत्रानुसार । |
| ४. | ०७६/७७ | ५०,००,००,०००।- | २८,३५,००,०००।- | २८,३५,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/२९ गतेको पत्रानुसार । |
| ५. | ०७१/७२ | ५०,००,००,०००।- | २७,००,००,०००।- | २७,००,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७२/११/२३ गतेको पत्रानुसार । |
| ६. | ०७०/७१ | १५,००,००,०००।- | १३,००,००,०००।- | १३,००,००,०००।- | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७१/०३/३० गतेको पत्रानुसार । |

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निष्काशन गर्नु पूर्व संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

| क्र.सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| २. | "ख" | संस्थापक/सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३८,६९,७७५ | ३८,६९,७७,५००.०० | **१००%** | शत प्रतिशत |
| | | **जम्मा** | ३८,६९,७७५ | ३८,६९,७७,५००.०० | **१००%** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने कम्पनीको चुक्ता पूँजीको संरचना :**

| क्र.सं. | समूह | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना % | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | "ख" | संस्थापक/सर्वसाधारण शेयरधनीहरु कर्मचारीहरु समेत) | ७७,३९,५५० | ७७,३९,५५,०००.०० | १००% | शत प्रतिशत |
| | | **जम्मा** | **७७,३९,५५०** | **७७,३९,५५,०००.००** | **१००%** | |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्याः**

मिति २०७६ फाल्गुण ०८ गतेबाट संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भएको हुनाले हाल सर्वसाधारण शेयर समूह मात्र रहेको छ । हाल कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकरण भई कारोबार भईरहेको छ ।

**२०८१ आश्विन मसान्तसम्मको संस्थापक/आधारभूत (१ प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्याः**

| क्र.सं. | नाम | ठेगाना | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री अमर नाथ श्रेष्ठ | बुधबारे ९, झापा । | १,५०,४९१.५० |
| २. | श्री लाल बहादुर थापा | हवाकु ८, तेह्रथुम । | ७१,६६३.०० |
| ३. | श्री उदयकुमार पिया | नारायणघाट १, चितवन । | १,७७,९८६.०० |
| ४. | श्री रामेश्वर थापा | कुसादेवी ४, काभ्रेपलाञ्चोक । | १,४३,३२५.०० |
| ५. | श्री शारदा भट्टराई | काठमाण्डौं । | ४०,३१८.२९ |
| | | **जम्मा** | **५,८३,७८३.७९** |
| | | अन्य साधारण शेयर संख्या | ३२,८५,९९१.२१ |
| | | **कुल साधारण शेयर संख्या** | **३८,६९,७७५.००** |

**(ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस संस्थाको हाल कायम चुक्ता पूँजी रु.३८,६९,७७,५००।- (अक्षरेपी अठ्तीस करोड उनन्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) को एक शेयर बराबर एक शेयर (१:१) अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयरको अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३८,६९,७७,५००।- (अक्षरेपी अठ्तीस करोड उनन्सत्तरी लाख सतहत्तर हजार पाँच सय मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरका ३८,६९,७७५ (अठ्तीस लाख उनन्सत्तरी हजार सात सय पचहत्तर मात्र) कित्ता हकप्रद शेयर निष्काशन गरिनेछ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मितिः**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा संस्थाको मिति २०८० बैशाख २८ गते सम्पन्न नवौं वार्षिक साधारण सभाले गरेको निर्णय :** साधारण सभाको विशेष प्रस्ताव नं. १ बमोजिम हाल कायम चुक्ता पूँजीमा हुने शेयर संख्याको १०० प्रतिशत अर्थात् रु.३८,६९,७७,५००।- बराबरको ३८,६९,७७५ कित्ता हकप्रद शेयर जारी गर्ने प्रस्ताव निर्णयार्थ पेश भएको विशेष प्रस्ताव वार्षिक साधारण सभामा सर्वसम्मतिले पारित भएको । साथै, विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशन गर्नका लागि मिति २०८०/०२/१९ गतेको पत्रबाट सहमति समेत प्राप्त भएको ।

**(ञ) सञ्चालकहरुको परिचय :**

यस कम्पनीको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्र.सं. | नाम | पद | उमेर | शेयर संख्या /प्रतिशत | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | क्याप्टेन रामेश्वर थापा | अध्यक्ष | ५७ | १,४३,३२५ (३.७०) | स्नातक (वाणिज्य शास्त्र) | प्रशिक्षक हेलिकप्टर पाइलटमा १४ वर्षको अनुभव, हाल पर्यटन व्यवसायी, मिडिया उद्यमी । | जलविद्युत क्षेत्रमा वि.सं. २०६९ देखि हालसम्म (छ्याङदी हाइड्रोपावरमा अध्यक्ष) |
| २. | श्री अमरनाथ श्रेष्ठ | सञ्चालक | ६१ | १५,०४,९१.५ (३.८८) | मानविकी विषयमा स्नातक | गोमा गणेश हाइड्रोपावर प्रा. लि. मा अध्यक्ष पदमा ३ वर्ष, अटो ग्यालरी प्रा. लि.मा अध्यक्ष पदमा ११ वर्ष र इम्पलाईमेन्ट लिंक नेपाल प्रा. लि. मा अध्यक्ष पदमा १० वर्ष । | जलविद्युत क्षेत्रमा वि.सं. २०६४ देखि हालसम्म (संस्थापक शेयरधनी तथा सञ्चालक) |
| ३. | श्री टेकनाथ आचार्य | सञ्चालक | ४९ | ३६,०२३.७८ (०.९३) | स्नातक (वाणिज्य शास्त्र), सि. ए. | भिजन इनर्जि एण्ड पावर लि. मा अध्यक्ष, लेखापरीक्षकको रुपमा बिगत २० वर्षदेखि कार्यरत (टि.एन.आचार्य एण्ड कं.) तथा ने.वि.प्रा., नेपाल वायुसेवा निगम, नागरिक लगानी कोष तथा नेपाल दुरसञ्चार प्राधिकरणमा सञ्चालक सदस्यको रुपमा अनुभब प्राप्त । | वि.सं. २०६५ देखि हालसम्म (१६ वर्षदेखि जलविद्युत क्षेत्रमा लगानीकर्ता एवं परामर्शदाता) । |
| ४. | श्री तिना राजभण्डारी | सञ्चालक | ४३ | ४८४.६५ (०.०१२) | एम.बि.ए | मिति २००४ देखि २००६ सम्म Account Assistant at Asmita Associates, London, UK. मिति २००६ देखि २०११ सम्म Account Assistant at the Viral Factory, Old Street, London, UK. मिति २०११ देखि २०१२ सम्म Executive Secretary At Ertan Enterprise, Greenwich, London, UK. | वि.सं. २०७५ देखि हाल सम्म सञ्चालक रहनु भएको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति २०१४ देखि २०१८ सम्म Director at Outlines Research and Development Pvt. Ltd., Chakupat, Lalitpur, Nepal. | |
| ५. | डा. उत्सब पिया | सञ्चालक | २६ | ३७,६६४ (०.९७) | एम.बि.बि. एस | श्री विरेन्द्र हस्पिटल, छाउनीमा मिति डिसेम्बर २०२१ देखि डिसेम्बर २०२२ सम्म वरिष्ट परामर्शदातको रुपमा कार्यरत<br>राष्ट्रिय हस्पिटल एण्ड क्यान्सर रिचर्ट सेन्टर, जावलाखेलमा मिति मे २०२३ देखि हालसम्म मेडिकल अधिकृतको रुपमा कार्यरत । | मिति २०८०।०१।२८ देखि हालसम्म सञ्चालक रहनु भएको। |
| ६ | श्री सुर्य नारायण मालाकार | सञ्चालक | ६० | ५००० (०.०१२९) | बि.इ. | नेपाल टेलिकमको नायव प्रवन्ध निर्देशकबाट सेवा निवृत, विगत २ वर्ष देखि स्वेडा इन्भेष्टमेन्ट प्रा लि. को भगिनी संस्था लिनियर टेक्नोलोजी नेपालको कार्यकारी निर्देशक, विगत ६ वर्ष देखि काठमाडौं क्याम्पस कालिमाटीको सञ्चालक । | - |
| ७. | श्री निरज डागी | स्वतन्त्र सञ्चालक | ५४ | - | स्नातक वाणिज्य शास्त्र | सरकारी सेवा निवृत, १५ बर्षदेखि शेयर कारोवारमा संलग्न रहनुभएको । | - |

**प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण :**

| नाम | ठेगाना | पद | योग्यता | अनुभव |
|---|---|---|---|---|
| लाल बहादुर थापा | ह्वाकु ८, तेह्रथुम | प्रमुख कार्यकारी अधिकृत | व्यवस्थापन विषयमा स्नातक | पर्यटन व्यवसायमा वि.सं. २०५२ देखि २०६३ सम्म १२ वर्ष र जलविद्युत क्षेत्रमा वि.सं. २०६४ देखि हालसम्मको कार्यानुभव । |

**(ट) सञ्चालक समितिको बनौट :**

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | संस्थापक/सर्वसाधारण समूहबाट मनोनित/आपसी सम्झौता/ निर्वाचित | ६ जना |
| ३. | स्वतन्त्र व्यवसायिक विशेषज्ञ | १ जना |
| | **जम्मा** | **७ जना** |

यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर धितोबन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने स्वतन्त्र सञ्चालक तथा वैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुनेछैन ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनुपर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा कायम भएका साबिक शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार एक शेयर बराबर एक शेयर (१:१) को अनुपातमा प्रति शेयर अंकित मूल्य रु.१००।– का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साथै, साविक शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् । यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा पन्ध्र (१५) दिनभित्र बाँडफाँट पश्चात् राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :** कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखि कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :
(क) कम्पनीको रजिष्टर्ड कार्यालय, वडा नं. २, गैह्रीधारा, काठमाण्डौं तथा यस लि.को वेभ साईट http://www.chpl.com.np ।
(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाण्डौ ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण:** सो नभएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ । साथै, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

**(ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् । आफ्नो शेयर अभौतिक रुपमा धारण गरेका शेयरधनीहरुले **सि-आस्वा**

**(CASBA)** मार्फत आफ्नो खाता रहेको बैंकबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको **मेरो शेयर (Mero Share)** मार्फत आवेदन दिने प्रक्रिया "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४" मा भएको व्यवस्था बमोजिम हुनेछ । भौतिक रुपमा शेयर धारण गरेको शेयरधनीहरुले बिक्री प्रबन्धकले तोकिएको संकलन केन्द्रबाट आवेदन फाराम प्राप्त गरी हकप्रद शेयरको आवेदन दिन सक्नेछन् ।

(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(क) आवेदकको पूरा नाम (नेपाली तथा अग्रेजी) दुबैमा उल्लेख गर्नुपर्नेछ ।
(ख) आवेदकको बाबु, आमा र बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो बापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ट) आवेदन फाराममा फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

(४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

(५) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

(६) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

(७) यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयर हितग्राही खाता (DEMAT Account/BOID No.) भएका आवेदकहरुलाई हकपद शेयर बाँडफाँट भए पश्चात निजहरुको हितग्राही खाता (Demat Account/BOID No.) मा नै हकप्रद शेयर पठाउने व्यवस्था मिलाउने छ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फारम भरी दरखास्त दिनु पर्नेछ ।

(८) रु.५०,००० सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाहरुले स्वेच्छिक रुपमा र रु.५०,००० भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाहरुले अनिवार्य रुपमा प्यान (PAN) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

हकप्रद शेयरको लागी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा हक हस्तान्तरण सम्बन्धी व्यवस्था थप गरी संशोधन गरिएको छ । हाल कायम शेयरधनीले "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को १ बमोजिम हकप्रद शेयर खरिद गर्न नसकेमा वा आफ्नो हक लाग्ने शेयर अरुलाई बिक्री वितरण वा हक हस्तान्तरण गरेको अवस्थामा निजको हक लाग्ने सम्मको हकप्रद शेयर खरिद गर्न पाउने छन् । उक्त हकप्रद शेयरको हक हस्तान्तरण गर्न देहायबमोजिमको निवेदन सम्बन्धित संगठित संस्था समक्ष दिने व्यवस्था गर्नुपर्नेछ ।

क) साबिकका शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्न हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था प्रबन्धपत्र, नियमावलीमा भएको,

ख) मनोनयन भई शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था गरिएको,

ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागी आवेदन गर्न सक्ने व्यवस्था गरिएको,

घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएका सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर

स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिर्वतन हुने भएमा सम्बन्धित ऐन नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

ङ.) प्रचलित कानुन अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालोसूचिमा नरहेको,

च) प्रचलित कानुन बमोजिम मनोनीत हुने व्यक्ति वा संस्था अयोग्य नभएको,

छ) मनोनीत गर्दा एक व्यक्तिलाई मात्र मनोनित गर्नुपर्नेछ । साथै "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को ३ बमोजिम मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शूल्क समेत समावेश गरिएको हुनुपर्नेछ ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

(क) कम्पनीको दशौं र एघारौं वार्षिक साधारण सभाको निर्णय बमोजिम आ. व. २०८१/०८२ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि आर. सापकोटा एण्ड एसोसिएट्स, काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

(ख) यस कम्पनीको कम्पनी सचिवमा स्नातक शैक्षिक योग्यता हासिल गर्नु भएका चाँगुनारायण ४, भक्तपुर निवासी श्री रमेश कुमार थापा हुनुहुन्छ । निजले यस कम्पनीमा स्थापनाकालदेखि हालसम्म कार्यारत रहनु भएको छ ।

(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबार, भावी रणनीति तथा कम्पनीको सञ्चालक समितिबाट स्वीकृत तीन वर्षीय व्यवसायिक योजनाको आधारमा निष्काशनकर्ता कम्पनी आँफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता, निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगति, भावी रणनीति तथा व्यवसायिक योजनाको आधारमा पुनरावलोकन गरी विवरण यर्थाथपरक रहेको छ भनी प्रमाणित गर्ने विज्ञमा टि.एन. आचार्य एण्ड कम्पनी रहेको छ ।

(घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

(ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।

**य. हकप्रद शेयर जारी गर्नुको उद्देश्यः**

(१) यस कम्पनीको मिति २०८०/०१/२८ गतेको साधारण सभाको निर्णयवाट स्वीकृत १:१ अनुपातको हकप्रद शेयर निष्काशन पश्चात प्राप्त हुने रकम रू.३८,६९,७७,५००।०० मध्ये माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना ४ मे. वा. को निर्माणका वखत भुक्तानी गर्न बाँकी बक्यौता/साहुहरु तिर्न (आ.व.२०७९/८० को वार्षिक लेखापरीक्षण प्रतिवेदनमा समावेश मध्ये) को लागि रु.४,००,००,०००।००, माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना ४ मे. वा. को दीर्घकालीन ऋण रकममा बैंकको आग्रह अनुसार सावा रकम घटाउन तथा अन्य अल्पकालिन ऋण रकमको सावाँ र ब्याज भुक्तान गर्नको लागि रु.१९,६९,७७,५००।०० र भिजन इनर्जी एण्ड पावर लि. द्वारा प्रवर्द्धित नुप्चे लिखु जलविद्युत आयोजना ५७.५ मे.वा. मा लगानी गर्न लिईएको ऋण रकम रु.१५,००,००,०००।०० भुक्तान गर्ने जम्मा रु.३८,६९,७७,५००।०० उपयोग गर्ने योजना रहेको छ । उपयोगको विवरण तालिका यस प्रकार रहेको छ :-

| क्र. स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना निर्माणको भुक्तानी गर्न ( आ.व.२०७९/८० को वार्षिक लेखापरिक्षण प्रतिवेदनमा समावेश मध्ये) | ४,००,००,०००।०० |
| २. | भिजन इनर्जी एण्ड पावर लि. द्वारा प्रवर्द्धित नुप्चे लिखु जलविद्युत आयोजना ५७.५ मे.वा. मा लगानी गरिसकिएको ऋण रकम भुक्तान | १५,००,००,०००।०० |

| | | |
|---|---|---|
| | गर्न | |
| ३. | ४ मे. वा. को दीर्घकालीन ऋण रकममा बैंकको आग्रह अनुसार सावा रकम घटाउन तथा अन्य अल्पकालिन ऋण रकमको सावाँ र ब्याज भुक्तान गर्न | १९,६९,७७,५००।०० |
| | जम्मा | ३८,६९,७७,५००।०० |

(२) भिजन इनर्जी पावर लि. द्वारा निर्माणाधिन ५७.५ मेगावाट क्षमताको नुप्चे लिखु जलविद्युत आयोजना आफैमा सस्तो र अति आकर्षक आयोजना छ । आयोजनाको ८८% भन्दा बढी निर्माण कार्य भैसकेको र २०८२ श्रावण मसान्तसम्ममा निर्माण सकिने भएबाट आयोजनाबाट प्रतिफल चाडै यस कम्पनीका शेयरधनीहरुले प्राप्त गर्न सक्ने अवस्था छ । भविष्यमा हाल सञ्चालित २ वटै आयोजनाहरुको जलविद्युत कम्पनीहरुलाई प्राप्त कर सुविधाको समाप्ती तथा सरकारलाई हस्तान्तरण गर्नु पर्ने समय अवधि घट्दै जाने कारण आम्दानीमा हुन सक्ने संकुचनहरु न्युनीकरण गर्न, प्रतिस्पर्धी बजारमा लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्न साना आयोजनाहरुको संचालनले मात्र सम्भव नदेखिने कारणका साथै एउटै रिभर वेशिनमा हुन सक्ने प्राकृतिक प्रकोपलाई न्युनीकरण गर्न कम्पनीले अन्य आयोजनामा लगानी (Investment Diversification) गर्नुपर्ने भएकोले यस कम्पनीका शेयरधनीहरुलाई अन्य आकर्षक आयोजनामा लगानी गर्नु औचित्यपुर्ण छ । यसका साथै भविष्यमा आवश्यकता र औचित्यको आधारमा एउटै समूहका लगानी भएको कम्पनीहरु एउटै सवल कम्पनी वन्नका लागि कम्पनी प्राप्ती तथा गाभिने दूरदृष्टिका कारणले समेत उपयुक्त रहेको छ ।

(३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि संस्थाको कारोबार बृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधी :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एकाईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई कम्पनीले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ । **

२. ग्लोबल आइएमई बैंक लिमिटेड, बेंसीशहर ११, लमजुङ्ग ।

३. ग्लोबल आइएमई बैंक लिमिटेड, सुन्दरबजार ६ मिलनचोक, लमजुङ्ग ।

४. ग्लोबल आइएमई बैंक लिमिटेड, भोर्लेटार ८, बसपार्क, लमजुङ्ग ।

५. ग्लोबल आइएमई बैंक लिमिटेड, सिउँडीबार, सुन्दरबजार ९, लमजुङ्ग ।

६. ग्लोबल आइएमई बैंक लिमिटेड, उदिपूर शाखा, लमजुङ्ग ।

७. ग्लोबल आइएमई बैंक लिमिटेड, दोर्दी शाखा, लमजुङ्ग ।

८. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिल्लोको मितिसम्ममा ग्लोबल आइएमई क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ ।

शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी छ्याङ्दी हाइड्रोपावर लिमिटेडको वेभसाइट www.chpl.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापिटल लिमिटेडको वेभसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हकप्रद शेयर कति संख्यामा आवेदन गर्न पाउने हो सो सम्बन्धी विवरण निष्काशन तथा बिक्री प्रवन्धकको वेभसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

**<u>नोट** :</u> ग्लोबल आइएमई क्यापिटल लि.को नाममा खिचिएको एकाउन्टपेयी चेक मात्र बुझिलिने व्यवस्था रहेको ।**

**<u>निष्काशन बैंक सम्बन्धी व्यवस्था :</u>**

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ | GICL-BOK-CHHYANGDI RIGHT SHARE | ३४४०१०१०००१९६० |

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्णपालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेको छ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व.२०८०/०८१ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/१० को प्राप्त पत्रानुसार आ.व.०८०/०८१ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**<u>क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :</u>**

यस विवरण अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. डिल्लीबजार, काठमाडौंबाट इस्युअर रेटिङ्ग गराई **"[ICRANP-IR]B-"** प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको **(High risk of default regarding timely servicing of financial obligations)** भन्ने जनाउँदछ। सो ग्रेडिङ्गको वैधता अवधि एक वर्ष रहनेछ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"[ICRANP-IR]AAA, AA, A, BBB]"** ले क्रमशः **Highest, High, Adequate & Moderate Degree of Safety Regarding Timely Servicing of Financial Obligation** जनाउँछ भने **"[ICRANP-IR] BB, B** र **C"** ले **Moderate, High & Very High Risk of Default Regarding Timely Servicing of Financial Obligation** भन्ने जनाउँदछ र **"[ICRANP-IR] D"** ले **in Default or are Expected be Default Soon** भन्ने जनाउँदछ ।

इस्यूअर रेटिङ्ग प्रदान गरेको मितिः जनवरी १०, २०२५ (तदनुसार मिति २०८१/०९/२६)

बहाल रहने अवधि (मिति) : जनवरी ०९, २०२६ (तदनुसार मिति २०८२/०९/२५)

**(श) पछिल्लो तीन (३) वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **०७८/०७९** | ७१५ | २०७ | २५० | ७,३२६.५७ |
| **०७९/०८०** | ३७० | १९३.१ | २८० | ३,१७०.४६ |
| **०८०/०८१** | ३४९.५० | १९४.१० | २७१ | ३,८१४.७७ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरणः**

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| **माघ** | ५६६ | ४११ | ५१८.७ | २,०४१ |
| **फागुन** | ५९९ | ४९८ | ५१९.५० | १,८४३ |
| चैत्र | ५५१ | ४४५.७० | ४४७.२५ | १,३६२ |

**<u>द्रष्टव्य</u>** :यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

(ष) **यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन् । सोमा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सहीछाप गर्ने सञ्चालकहरुको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | क्याप्टेन रामेश्वर थापा | अध्यक्ष | |
| २. | श्री अमरनाथ श्रेष्ठ | सञ्चालक | |
| ३. | श्री टेकनाथ आचार्य (एफसिए) | सञ्चालक | |
| ४. | श्री तिना राजभण्डारी | सञ्चालक | |
| ५. | डा. उत्सब पिया | सञ्चालक | |
| ६. | श्री सुर्य नारायण मालाकार | सञ्चालक | |
| ७ | श्री निरज डाँगी | स्वतन्त्र सञ्चालक | |

## (स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लिमिटेड
GROW WITH US

71359
Regd No. 1067/064/065

पत्र संख्या : मर्चेण्ट बैंकिङ्ग/१७१०/०८१/८२ चलानी नं.:६६६७

मिति : २०८१/१२/२६

श्री नेपाल धितोपत्र बोर्ड,
नियमन विभाग,
खुमलटार, ललितपुर ।

बिषय : <u>ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।</u>

महाशय,

बागमती प्रदेश, का.म.न.पा. वडा नं.२, गैह्रीधारा, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री छ्याङ्दी हाइड्रोपावर लिमिटेडको हकप्रद शेयर निष्काशन गर्न लागेको प्रति शेयर अंकित मूल्य रु.१००।– दरका ३८,६९,७७५ कित्ता हकप्रद शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । हकप्रद शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार हकप्रद शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा कम्पनीबाट प्राप्त वित्तीय विवरणको आधारमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

हामीलाई छ्याङ्दी हाइड्रोपावर लि. तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पर्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** मा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. धितोपत्र कारोबार विनियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. साविक शेयरधनीहरुलाई **"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"** तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।
५. तहाँ बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरी सो निर्देशिकाको व्यवस्थाहरुसँग अनुरूप हुने गरी निष्काशनकर्ता कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

<u>धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक</u> :

ग्लोबल आइएमई क्यापिटल लिमिटेडको तर्फबाट
नाम : मन्दिप लुइटेल
पद : प्रमुख कार्यकारी अधिकृत

दस्तखत :

कार्यालयको छाप:

ग्लोबल आइएमई क्यापिटल लि. र बि.ओ.के. क्यापिटल मार्केट लि. एक आपसमा गाभिएको

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेण्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन र संस्थागत परामर्श), निक्षेप सदस्य तथा

(ह) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षकले प्रमाणित गरेको लेखा परीक्षण प्रतिवेदन र लेखापरीक्षकले प्रमाणित गरेको प्रक्षेपित विवरण :


R. Sapkota & Associates
Chartered Accountants

Mid Baneshwor, Kathmandu
P. O. Box No.: 26528
Phone: 01-4565538
E-mail: rabinsapkota2010@hotmail.com
sapkotarabin2010@gmail.com


## Independent Auditor's Report

**To the shareholders of Chhyangdi Hydropower Limited,**

### Report on the Audit of the Financial Statements

### Opinion

We have audited the accompanying Financial Statements of Chhyangdi Hydropower Limited (the company) which comprise the Statement of Financial Position as at Ashadh 31, 2081 (Corresponding to July 15, 2024), Statement of Profit or Loss and other Comprehensive Income, Statement of Cash Flow, Statement of Changes in Equity for the year then ended and notes to the financial statements including Significant Accounting Policies.

In our opinion and to the best of our information and explanations provided to us, the accompanying Financial Statements referred to above present fairly, in all material respects, the financial position of the Company as at Ashadh 31, 2081 (i.e. July 15, 2024) and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS).

### Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of Financial Statements section of our report. We are independent of the company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide for our opinion.

### Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the year ended Ashadh 31, 2081. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters to be communicated in our report.

We have fulfilled the responsibilities described in the 'Auditor's Responsibilities for the Audit of the Financial Statements' section of our report, including in relation to these matters. Accordingly, our audit included the performance of procedures designed to respond to our assessment of the risks of material misstatement of the standalone financial statements. The results of our audit procedures, including the procedures performed to address the matters below, provide the basis for our audit opinion on the accompanying standalone financial statements.

| S. No | Key Audit Matters | How our audit addressed the key audit matter |
|---|---|---|
| 1. | **Accounting Software**<br>The company uses Tally ERP 9 for accounting purpose which allows back date entry and deletion and modification of an entry.<br>Such accounting system might impact the reliability of financial transactions. | Tally is password protected and has limited access only. Access was not given to unauthorized person to prevent unauthorized modification and deletion of entry. Adjustment entries were duly authorized from higher authorities. |

R. Sapkota & Associates ★ Chartered Accountants ★ Kathmandu

| | | |
|---|---|---|
| | We have considered this as key audit matter as all the financial transactions are recorded here and overall financial preparation and reporting depends on it. | We inspected the documentation system and we checked and verified the records maintained in Tally with the physical records maintained.<br>Based on above audit approach we relied on the information generated by the accounting software Tally. |

**Other Information**

The management is responsible for other information presented in the Company's Annual Report and Accounts FY 2080/81 (FY 2023/24) together with the Financial Statements. Our opinion on the Financial Statements does not cover the other information and, accordingly, we do not express any form of assurance conclusion thereon.

This report is expected to be made available to us after the date of our auditor's report. Our opinion on the Financial Statements does not cover the other information and, accordingly, we do not express an audit opinion or, expect as explicitly stated below, any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information identified above when it becomes available and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained in the audit, or otherwise appears to be materially misstated. If, based on the work, we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard as on the date of this issuance of this report.

**Responsibilities of Management and Those Charged with Governance for the Financial Statements**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with the Nepal Financial Reporting Standards and for such internal control as management determines is necessary to enable preparation of the financial statements that are free from material misstatements, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the company's financial reporting process.

**Auditors' Responsibilities for the Audit of Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatements, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from

R.SARKOTA & ASSOCIATES Chartered Accountants Kathmandu

error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosure in the financial statement or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease as a going concern.
- Evaluate the overall presentation of the financial statements including disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation,

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identified during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

**Report on Other Legal and Regulatory Requirements**

On the basis of our examination, we would like to report that:

We have obtained information and explanations asked for, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit. In our opinion, statement of financial position, statement of profit or loss and other comprehensive income, statement of cash flow, statement of changes in equity for the year then ended have been prepared in accordance with the requirements of the Companies Act, 2063, are in agreement with the books of accounts of the company and books of accounts as required by law have been kept by the company which were necessary for the purpose for our audit. To the best of our information and according to the explanations given to us and so far appeared from our examination of the books of account of the company necessary for the purpose of our audit, we have not come across the cases where the Board of Directors or any member thereof or any employees of the company have acted contrary to the provisions of law relating to the accounts, accounting fraud or committed any misappropriation or caused loss or damage to the Company relating to the accounts in the Company. Our suggestions for improvement in the company's internal controls, accounting system and other compliances have been presented in a separate management letter.

R. SAPKOTA & ASSOCIATES Chartered Accountants Kathmandu

CA Rabin Sapkota,
Proprietor
R. Sapkota & Associates
Chartered Accountants
Place: Kathmandu
Date: 2081/07/23
UDIN: 241108CA00395BmH3H

# T. N. ACHARYA & CO.
## Chartered Accountants

**Firm Regd. No: 174**
**PAN : 604958035**


Date: 19th Chaitra, 2081

The Managing Director,
Chhyangdi Hydropower Ltd.
Kathmandu, Nepal

**Subject: Projected Financial Statement of Chhyangdi Hydropower Ltd.**

We have examined the Projected Financial Statements of Chhyangdi Hydropower Ltd., for the financial years from F.Y. 2081/082 to F.Y. 2085/086, in accordance with practice applicable to the examination of prospective financial information applicable to the company. Management is responsible for the projection including the assumptions set out in Projected Financial Statement.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with Nepal Accounting Standard.

Actual results may differ from the projection since anticipated events frequently do not occur as expected and the variations may be material.

The projection has been provided after careful scrutiny of appropriate documents and is correct and true to the best of our knowledge.

Thanking you,

With Regards,

T.N. ACHARYA & CO. Chartered Accountants Kathmandu

Upendra Sapkota, CA
Partner
T. N. Acharya & Co.
Chartered Accountants
New Baneswor, Kathmandu
UDIN : 250401CA01673nkNx8